## समावेशी पत्रकारिता विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

__प्रस्तावना:__ मन्त्रालयबाट सञ्चालन गरिने समावेशी पत्रकारिता विकास कार्यक्रमलाई पारदर्शी, परिणाममुखी र व्यवस्थित बनाई सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धि र संचार क्षेत्रको प्रभावकारीतालाई वृद्धि गर्न आवश्यक भएकोले,

प्रदेश विनियोजन ऐन, २०८० को दफा ९को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गृह मन्त्रालयले देहायको कार्यविधि बनाएको छ ।

१. __संक्षिप्त नाम र प्रारम्भ:__ (१) यस कार्यविधिको नाम "समावेशी पत्रकारिता विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि- २०८०" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लुम्बिनी प्रदेशभर लागू हुनेछ ।

२. __परिभाषा:__ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, :-

(क) **"मन्त्रालय"** भन्नाले लुम्बिनी प्रदेशको "गृह मन्त्रालय" सम्झनु पर्छ ।

(ख) **"पत्रकार"** भन्नाले कुनै सञ्चार माध्यममा प्रकाशन तथा प्रशारण हुने सामाग्री संकलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटो पत्रकार, क्यामेरा पर्सन, समाचार वाचक, व्यङग्य चित्रकार, भाषा सम्पादक, वेब डिजाइनर, स्तम्भ लेखक, कार्यक्रमको उत्पादन र कार्यक्रम प्रस्तोता समेतलाई जनाउँदछ।

(ग) **"पत्रकारिता विकास कार्यक्रम"** भन्नाले पत्रकारिताको वृद्धि विकासको लागि सञ्चारकर्मीलाई दिईने तालिम, अन्तरक्रिया तथा क्षमता अभिवृद्धि सम्बन्धी अन्य कार्यक्रम सम्झनु पर्छ ।

(घ) **"सञ्चारकर्मी"** भन्नाले संचार माध्यममा कार्यरत पत्रकार, संवाददाता, श्रव्यदृष्य तथा अडियो सम्पादक, क्यामेरा पर्सन, अन्तरवार्ताकार, कार्यक्रम प्रस्तोता, कार्यक्रम उत्पादक, प्राविधिक एवं सञ्चार माध्यममा कार्यरत अन्य संचारकर्मीलाई सम्झनु पर्छ।

(ङ) **"समावेशी"** भन्नाले आर्थिक, सामाजिक वा शैक्षिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेशी, थारु, मुस्लिम, पिछाडावर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता

भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, पत्रकारहरुलाई कार्यक्रममा समावेश गर्ने कार्यलाई सम्झनु पर्छ।

३. <u>उद्देश्य:</u> (१) समावेशी पत्रकारिता विकास कार्यक्रम सञ्चालनका उद्देश्यहरु देहाय बमोजिम हुनेछन:-

(क) सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धि गर्ने,

(ख) सञ्चारकर्मीहरुलाई पत्रकारिता सम्बन्धी तालिम प्रदान गर्ने,

(ग) प्रदेशमा संचारक्षेत्रको प्रभावकारिता वृद्धि गर्ने ।

४. <u>समावेशी पत्रकारिता विकास कार्यक्रम सञ्चालन गर्ने:</u> समावेशी पत्रकारिता विकास कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ:-

(क) तालिम,

(ख) अन्तरक्रिया,

(ग) अन्य क्षमता अभिवृद्धिका कार्यक्रमहरु।

५. <u>समावेशी पत्रकारिता विकास कार्यक्रम सञ्चालन विधि:</u> (१) मन्त्रालयले कार्यक्रम सञ्चालन गर्नु पूर्व मन्त्रालयको वेवसाइडमा सूचना प्रकाशन गरी पत्रकारिता विकास कार्यक्रम सञ्चालन गरिरहेका संस्थाहरुबाट कम्तिमा सात दिनको म्याद दिई कार्यक्रम सञ्चालनको प्रस्ताव आह्वान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान भएपछि सम्बन्धित संस्थाहरुले प्रस्ताव पेश गर्दा समावेशी आधारमा कार्यक्रम संचालन गर्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी मन्त्रालयले कार्यक्रम संचालन गर्ने संस्थाहरु छनौट गर्नेछ ।

(४) उपदफा(३) बमोजिम छनौट भएका संस्थाहरुसँग मन्त्रालयले सम्झौता गरी कार्यक्रम संचालन गर्न अनुमति दिनेछ ।

६. <u>प्रस्तावमा उल्लेख हुनुपर्ने विषय:</u> समावेशी पत्राकारिता विकास कार्यक्रम सञ्चालन गर्न प्रस्तावमा प्रस्तावकले देहाएका विषयहरु समावेश गर्नु पर्नेछ:-

(क) तालिम/अन्तरकृया/अन्य क्षमता विकासको कार्यक्रम संचालन गर्ने प्रारुप,

(ख) कार्यक्रम सम्बन्धी विषय र पाठ्यक्रम,

(ग) कार्यक्रम संचालन गरिने जिल्लाहरुको विवरण,

(घ) कार्यक्रमबाट लाभान्वित हुने समूह र संख्या,

(ङ) कार्यक्रम संचालन गर्न लाग्ने अनुमानित खर्च विवरण ।

७. <u>प्रस्तावकले प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरुः</u> प्रस्तावकले दफा ५(२) बमोजिम प्रस्ताव पेश गर्दा दफा (६) बमोजिमको प्रस्तावका अतिरिक्त देहाएका कागजातहरु पेश गर्नु पर्नेछः-

(क) कार्यक्रम संचालन गर्ने संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण समेत),

(ख) संस्थाको प्रवन्ध पत्र वा सोही बमोजिमको कागजातको प्रतिलिपि/विधान,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) विगतमा तालिम तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरेको भए सो खुल्ने कागजातहरु

८. <u>प्रस्ताव मुल्याकन समितिः</u> (१) समावेशी पत्रकारिता विकास कार्यक्रम सञ्चालन गर्ने दफा ५(२) बमोजिम पेश भएका प्राप्त प्रस्तावहरु मुल्यांकन गरी मन्त्रालयको सचिव समक्ष सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक मुल्यांकन समिति रहनेछ ।

| | |
|---|---|
| (क) महाशाखा प्रमुख, सूचना तथा सञ्चार प्रविधि महाशाखा | अध्यक्ष |
| (ख) कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (ग) प्रमुख, आर्थिक प्रशासन शाखा मन्त्रालय | सदस्य |
| (घ) प्रमुख, प्रशासन शाखा , मन्त्रालय | सदस्य |
| (ङ) प्रमुख, सञ्चार शाखा | सदस्य |

(२) उपदफा (१) बमोजिमको मुल्याङ्कन समितिले प्राप्त प्रस्तावको मुल्याङ्कन गरी कार्यक्रम सञ्चालन गर्न सक्ने उपयुक्त सञ्चार माध्यमहरुको छनौटको लागि मन्त्रालयको सचिव समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा(२) बमोजिम सिफारिस गरेका संस्थाहरुमध्येबाट कार्यक्रम सञ्चालन गर्ने उपयुक्त संस्था छनौट गरी सम्झौताको कार्य अगाडी बढाउन मन्त्रालयको सचिवद्वारा निर्देशन दिइनेछ।

९. <u>अनुगमन समिति</u>: (१) संचालित समावेशी कार्यक्रमहरुको अनुगमन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछ ।

क) प्रमुख, सूचना तथा संचार प्रविधि महाशाखा - संयोजक

ख) प्रमुख, कानून महाशाखा - सदस्य

ग) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

घ) प्रमुख, सञ्चार शाखा - सदस्य सचिव

(२) उपदफा(१) बमोजिम गरेको अनुगमन पश्चात संस्थाहरुले संचालन गरेको समावेशी पत्रकारिता विकास कार्यक्रमको प्रभावकारिता सम्बन्धमा समितिले अनुगमन गरी अनुगमनको प्रतिवेदन मन्त्रालयको सचिव समक्ष पेश गर्नु पर्नेछ ।

१०. <u>बजेट व्यबस्थापन र भुक्तानी प्रक्रिया</u> : यस कार्यविधि बमोजिम आवश्यक रकमको व्यवस्था मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम हुनेछ र भुक्तानी बैङ्क खाता मार्फत गरिनेछ।

११. <u>वाधा अड्काउ फुकाउन सक्ने</u> : यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ परेमा मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ ।